आज मिति २०७९ साल माघ ११ गते वुधवारका दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँकार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

**उपस्थिति**

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य | श्री राम वहादुर खड्का | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री सुक माया राई | |
| १४ | सदस्य | श्री शान्ति राई | |
| १५ | सदस्य | श्री सुजता प्रधान | |
| १६ | सदस्य | श्री भवानी विष्ट | |
| १७ | सदस्य | श्री मञ्जु भुजेल | |
| १८ | सदस्य | श्री गोविन्द परियार | |
| १९ | सचिव | श्री धन कुमार राई | |
| २० | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | |
| २१ | | | |

प्रमुख प्रशासकीय अधिकृत २०७९।१०।११

आमचोक गाउँ कार्यपालिकाको कार्यालय

२०७९।१०।११

अशोक राई
अध्यक्ष

**प्रस्तावहरुः**

१. भेरिएसन समितीको सिफारिस सम्वन्धमा
२. BOQ वमोजिमको पाईपको रकम भुक्तानी सम्वन्धमा
३. ARM/WORKS/NCB/01/2076-77 "CONSTRUCTION OF RVT AND PIPELINE WORKS FOR HATTIPAILE WATER SUPPLY PROJECT AT AAMCHOWK RURAL MUNICIPALITY" कार्यको अन्तिम किस्ता भुक्तानी सम्वन्धमा
४. ARM/WORKS/NCB/04/2077-78 "HATTIPAILE KHANEPANI AAYOJANA MAIN LINE BISTAR TATHA DISTRIBUTION LINE AAMCHOWK-08" कार्यको मुल्याङ्कन विल भुक्तानी सम्वन्धमा
५. सोध भर्ना हुने गरी रकम भुक्तानी सम्वन्धमा
६. लेखा समितिको वैठक सम्वन्धमा
७. सहकारी ऋण कोषको लागि सूचना प्रकाशन सम्वन्धमा
८. डिजल खरीद सम्वन्धमा
९. राष्ट्रपती रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन सम्वन्धमा
१०. वडास्तरमा सामाजिक सुरक्षा भत्ता वितरण सम्वन्धमा
११. आर्थिक सहायता सम्वन्धमा

**निर्णय नं. १**

प्रस्ताव नं १ माथि छलफल भइ मिति २०७७/०३/२४ मा ठेक्का नं:ARM/WORKS/NCB/01/2076-77 "CONSTRUCTION OF RVT AND PIPELINE WORKS FOR HATTIPAILE WATER SUPPLY PROJECT AT AAMCHOWK RURAL MUNICIPALITY" कार्यको लागि आमचोक गाउँपालिकाको कार्यलय र स्वामिनारायण निर्माण सेवा को बिच दुइ पक्षिय सम्झौता भइ निर्माण कार्य भईरहदा ठेक्का सम्झौता अनुसार BOQ मा भएका केहि फिटिङ्गका सामानहरु, GI तथा HDPE पाईपहरु, प्लास्टर, पनिङ्ग, गार्हो निर्माण लगायत अन्य केहि सामाग्री भेरिएसन गर्नु पर्ने देखिएकोले भेरिएसन समितीले भेरिएसन गरी सिफारिस गरे वमोजिम स्वीकृत गर्ने ।

**निर्णय नं. २**

प्रस्ताव नं २ माथि छलफल भइ मिति २०७७/०३/२४ मा ठेक्का नं:ARM/WORKS/NCB/01/2076-77 "CONSTRUCTION OF RVT AND PIPELINE WORKS FOR HATTIPAILE WATER SUPPLY PROJECT AT AAMCHOWK RURAL MUNICIPALITY" कार्यको लागि आमचोक गाउँपालिकाको कार्यलय र स्वामिनारायण निर्माण सेवा बिच दुइ पक्षिय सम्झौता भइ निर्माण कार्य सम्पन्न भएको र HDPE पाईप तपशिल बमोजिम प्रयोग भएकोले उक्त पाईपहरु साईटको आवश्यकता अनुसार प्रयोग भएको र बाँकी रहेको पाईपहरु यस आमचोक गाउँपालिकाको "एक घर एक धारा कार्यक्रम" अन्तर्गत बितरण लाईनको कार्य हुदा प्रयोग गर्ने सकिने भएको र BOQ को मुल्यलाई हालको बजार भाउ सँग तुलना गर्दा BOQको मुल्य कम पर्ने र पाईप यस आमचोक गाउँपालिका सम्म ढुवानी समेत भईसकेको हुदा ढुवानीको रकम पनि कम पर्ने हुनाले यस आमचोक गाउँपालिकाको कार्यालयलाई आर्थिक भार कम पर्न जाने भएकाले उक्त पाईपहरु "एक घर एक धारा कार्यक्रम" को बितरण लाईनमा प्रयोग गर्ने गरी यस कार्यलयको जिन्सी शाखामा दाखिला गरि स्टोर भण्डारण गरेर उक्त पाईपको BOQ को दरभाऊको आधारमा निर्माण कम्पनीलाई भुक्तानी गर्ने ।

**प्रयोग भएको पाइपहरु**

| पाईपको नाम | BOQ अनुसारको पाईप (मिटरमा) | निर्माण कम्पनीले साईटमा ढुवानी गरेको पाईप (मिटरमा) | प्रयोग भएको पाईप (मिटरमा) | बाँकी रहेको पाईप (मिटरमा) | BOQ अनुसारको पाईपको मुल्य (रु) |
|---|---|---|---|---|---|
| (HDPE 10kg/cm2) HP10-50 | ८९५ | ८९५ | ७७४ | १२१ | २५० |
| (HDPE 10kg/cm2) HP10-63 | ३७५० | ३३०६।७ | १९८५ | १३२१।७ | ३५० |
| (HDPE 10kg/cm2) HP10-75 | ४३२५ | ४१०९।७ | ३३९५ | ७१४।७ | ४५० |

**निर्णय नं. ३**

प्रस्ताव नं ३ माथि छलफल भइ मिति २०७७/०३/२४ मा ठेक्का नं:ARM/WORKS/NCB/01/2076-77 "CONSTRUCTION OF RVT AND PIPELINE WORKS FOR HATTIPAILE WATER SUPPLY PROJECT AT AAMCHOWK RURAL MUNICIPALITY" कार्यको लागि आमचोक गाउँपालिकाको कार्यलय र स्वामिनारायण

प्रमुख प्रशासकीय अधिकृत　　　　अशोक राई अध्यक्ष

**निर्माण सेवा** बिच दुइ पक्षिय सम्झौता भइ कार्य सम्पन्न भएको हुदा अन्तिम भुक्तानीका लागि प्राविधिक प्रतिवेदन/हालसम्मको मुल्याकंन अनुगमन समितिको सिफारिस अनुसार रु.५९,३९,२४७।१५( अक्षरुपी उनन्साठीलाख उनन्चालिसहजार दुइसय सठ्चालिस रुपैया पन्ध्र पैसा मात्र) तपशिल वमोजिमको कर र पेश्की कटाइ भुक्तानि दिने ।

- सम्झौता रकमः रु. १,३८,२४,७९२.७० ( मु.अ. क बाहेक)
- भेरिएसन पछिको सम्झौता रकमः रु १३६९४९६०।४५-(मु अ क बाहेक)
- अन्तिम रनिङ बिल बाट आएको रकमः रु. ५०,५३,८१८।२० (मु अ क तथा PS बाहेक)
- मु.अ.क (१३ %) : रु. ६,५६,९९६।३७
- जम्मा रकमः रु ५७,१०,८१४।५७ (मु अ क तथा PS सहित)
- कन्टिनजेनसि (४%) : रु. २,२८,४३२।५८
- जम्मा खर्च रकमः रु. ५९,३९,२४७।१५
- पेश्कि कट्टि : रु. २,४९,९५८।९२
- धरौटि कट्टि रकम(५%) : रु. २,५२,६९०।९१
- अग्रिम आय कर (१.५ %) : रु. ७५,८०७।२७
- अन्य करः रु. १,९७,०९८.९१
- भुक्तानि हुने रकम : रु. ४९,३५,२५८।५५

## निर्णय नं.४

प्रस्ताव नं ४ माथि छलफल भइ मिति २०७८/०२/२० मा ठेक्का नं:ARM/WORKS/NCB/04/2077-78 "HATTIPAILE KHANEPANI AAYOJANA MAIN LINE BISTAR TATHA DISTRIBUTION LINE AAMCHOWK-08" कार्यको लागि **आमचोक गाउँपालिकाको कार्यलय र गौतम शक्ति निर्माण सेवा** बिच दुइ पक्षिय सम्झौता भइ काम भइरहेको हुदाँ निर्माण व्यवसाय बाट दोस्रो रनिङ बिल भुक्तानि माग गरिएकोमा प्राविधिक प्रतिवेदन/हालसम्मको मुल्यांकन तयार गरि प्राविधिक शाखावाट तपशिल अनुसारको भुक्तानिको लागि राय पेश भए वमोजिम रु.९९,८०,८१७।५९२ ( अक्षेरुपी उनान्सयलाख असीहजार आठसय सत्र रुपैया उनन्साठी पैसा मात्र ) तपशिल वमोजिमको कर र पेश्की कटाइ भुक्तानि दिने ।

- सम्झौता रकमः रु. ३,४९,१२,५८६.८८ ( मु.अ. क बाहेक)
- दोस्रो रनिङ बिल बाट आएको रकमः रु. ८४,९२,८६७।२५
- मु.अ.क (१३ %) : रु. ११०४०७२।७४३
- जम्मा रकम मु अ क सहितः रु ९५९६९३९।९९३
- कन्टिनजेनसि (४%) : रु. ३,८३,८७७।५९९
- जम्मा खर्च रकमः रु. ९९,८०,८१७।५९२
- पेश्कि कट्टि : रु. ९,५९,६९३।९९९
- धरौटि कट्टि रकम(५%) : रु. ४२४६४३।३६२
- अग्रिम आय कर (१.५%) :रु १२७३९३।००८
- अन्य कर : रु ३,३१,२२१।८२२
- भुक्तानि हुने रकम : रु. ७७,५३,९८७।८

प्रमुख प्रशासकीय अधिकृत
२०७९/१०/११

२०७९/१०/११
अशोक राई
अध्यक्ष

**निर्णय नं.५**

प्रस्ताव नं ५ माथि छलफल भइ निर्णय नं ३ र ४ वमोजिम ७० प्रतिशत हुन आउने रकम रु. १,११,४४,०४५।३२ हाल भुक्तानी गर्नु पर्नेमा संघीय सरकार विशेष अनुदानको रकम रु.२५०००००। र प्रदेश सरकार समपुरक अनुदानको रकम रु.५००००००। गरी जम्मा रु .७५०००००। मात्र रकम प्राप्त भएकोले तेस्रो र चौथो त्रैमासिकवाट सोध भर्ना हुने गरी नपुग रकम रु. २४३४३९२. (अक्षेरुपी चौविसलाख चौतिससहजार तिनसय वयानव्वे मात्र) गाउँपालिकाको समपुरक कोष रकमवाट तपशिल वमोजिम भुक्तानी दिने ।

| ठेक्काको नाम | जम्मा खर्च रकम | समपुरक अनुदान( ७०%) | स्थानीय तहको साझेदारी (३०%) |
|---|---|---|---|
| ARM/WORKS/NCB/01/2076-77 "CONSTRUCTION OF RVT AND PIPELINE WORKS FOR HATTIPAILE WATER SUPPLY PROJECT AT AAMCHOWK RURAL MUNICIPALITY" | रु. ५९,३९,२४७।१५ | रु. ४१,५७,४७३।० | रु. १७,८१,७७४।१५ |
| ARM/WORKS/NCB/04/2077-78 "HATTIPAILE KHANEPANI AAYOJANA MAIN LINE BISTAR TATHA DISTRIBUTION LINE AAMCHOWK-08" | ९९,८०,८१७।५९२ | रु. ६९,८६,५७२।३१ | रु. २९,९४,२४५।२८ |
| जम्मा भुक्तानी दिनु पर्ने रकम | १,५९,२०,०६४।७४ | १,११,४४,०४५।३२ | ४७,७६,०१९।४२ |
| पेश्की रकम | | १२०९६५३। | |
| हाल भुक्तानी दिनु पर्ने रकम | | ९९३४३९२। | |
| हाल प्राप्त रकम | | ७५,००,०००। | |
| नपुग रकम | | २४३४३९२। | |
| समपुरक कोषवाट सोधभर्ना हुने गरी भुक्तानी दिने रकम | | | २४३४३९२ |
| हाल कुल भुक्तानी दिने रकम | | ७५,००,०००। | ७२१०४११ |

**निर्णय नं.६**

प्रस्ताव नं ६ माथि छलफल भइ आर्थिक वर्ष २०७८/७९ को प्रारम्भिक लेखा परिक्षण प्रतिवेदनले औंलाएका वेरुजुहरुको समपरिक्षणको लागि लेखा समितिको वैठक मिति २०७९ माघ १३ गते वसि समपरिक्षणको प्रकृया शुरु गर्ने ।

**निर्णय नं.७**

प्रस्ताव नं ७ माथि छलफल भइ सहकारी ऋण कोषको लागि गत वर्ष लगानी गरिएको साँवा व्याज गरी जम्मा रु.४२,००,०००। असुल गरी यस आ.व.मा विनियोजित रु.१०,००,०००। गरी जम्मा रु.५२,००,०००। सहकारी ऋण कोष सञ्चालन कार्यविधि २०७७ वमोजिम सहकारी संस्थाहरुलाई ऋण लगानी गर्नको लागी २१ दिनको सूचना प्रकाशन गर्ने ।

**निर्णय नं.८**

प्रस्ताव नं ८ माथि छलफल भइ गाउँपालिकाको व्याकहोलोडरले सडक मर्मत गर्ने कार्य निरन्तर गरिरहेकोले सडक मर्मत गर्दा व्याकहोलोडरमा प्रयोग हुने ४००० ( चारहजार लिटर) डिजल मर्मत सम्भार कोषवाट खरीद गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत
२०७९।१०।११

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालुवा, भोजपुर
१ नं. प्रदेश नेपाल

२०७९।१०।११
अशोक राई
अध्यक्ष

**निर्णय नं.९**

प्रस्ताव नं ९ माथि छलफल भइ यस आर्थिक वर्षमा सञ्चालन हुने राष्ट्रपती रनिङ शिल्ड प्रतियोगिता श्री क्षमाकन्या मा.वि.आमचोक -६ मा सञ्चालन गर्ने ।

**निर्णय नं.१०**

प्रस्ताव नं १० माथि छलफल भइ वडास्तरमा सामाजिक सुरक्षा भत्ता वितरण गर्न जाने सिद्धार्थ वैंक आमचोक शाखाका कर्मचारीहरु वढीमा २ जनालाई प्रितिदिन प्रतिव्यक्ति रु.१०००। का दरले भत्ता उपलब्ध गराउने । साथै गाउँपालिकाको ल्याण्डक्रुजर मर्मतको लागि इटहरीमा लगिएकोले ९ दिनको लागि ट्याक्सी भाडामा लिने ।

**निर्णय नं.११**

प्रस्ताव नं ११ माथि छलफल भइ आमचोक गाउँपालिकामा तपशिल वमोजिम आर्थिक सहयोग उपलव्ध गराइदिन निवेदन पेश भए वमोजिम तपशिल वमोजिम आर्थिक सहयोग उपलव्ध गराने ।

क) किरात राई चाम्लिङ खाम्वाखिम भोजपुरको जिल्ला अधिवेशनको लागि नेपाल सरकार राजश्व अनुदान शिर्षकको अन्य सहायता शिर्षकवाट रु.५०००। (अक्षेरुपी पाँचहजार मात्र) आर्थिक सहायता उपलव्ध गराउने ।

ख) आमचोक १ निवासी राष्ट्रिय भलिवल खेलाडी श्री सन्तोष राईलाई सम्मान स्वारुप रु.१५०००। (अक्षरुपी पन्ध्रहजार मात्र) नेपाल सरकार राजश्व अनुदान शिर्षकको अन्य सहायता शिर्षकवाट उपलव्ध गराउने ।

ग) आमचोक गाउपालिकाको कार्यालय सहयोगी श्री डिल्ली वहादुर वस्नेत इटहरीदेखि आमचोक आइरहेको समयमा मिति २०७९ पौष ९ गते आमचोक १०,पांचामा ट्याक्सि दुर्घटनामा परि सक्त घाइंते भएकोले नेपाल सरकार राजश्व अनुदान शिर्षकको उद्दार राहत तथा पुनस्थापना शिर्षकवाट रु.२५०००। (अक्षेरुपी पच्चिस हजार मात्र) आर्थिक सहायता उपलव्ध गराउने ।

घ) आमचोक ८ निवासी रुद्र वहादुर वि.क.को आखाँको अप्रेशन गर्न लाहान जानु पर्ने भएको र आर्थिक अवस्था कम्जोड भएको वडाको सिफारिस प्राप्त भएकोले नेपाल सरकार राजश्व अनुदान शिर्षकको अन्य सहायता शिर्षकवाट रु.१००००। (अक्षेरुपी दशहजार मात्र) आर्थिक सहायता उपलव्ध गराउने ।

ङ) आमचोक ४ निवासी वल वहादुर वि.क.को छोरा दिपक वि.क.को मृगौलामा समस्या भएको र आर्थिक अवस्था कम्जोड भएको वडाको सिफारिस प्राप्त भएकोले उपचार गर्नको लागि नेपाल सरकार राजश्व अनुदान शिर्षकको अन्य सहायता शिर्षकवाट रु.१००००। (अक्षेरुपी दशहजार मात्र) आर्थिक सहायता उपलव्ध गराउने ।

प्रमुख प्रशासकीय अधिकृत
२०७९।१०।११

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर
१ नं. प्रदेश, नेपाल

२०७९।१०।११
अशोक राई
अध्यक्ष